# प्रोग्रेशिभ फाइनान्स लिमिटेडको

# १८औं वार्षिक साधारण सभा बस्ने बारे सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७२/०३/०८ आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिका)**

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस वित्तीय संस्थाको संचालक समितिको मिति २०७२/०३/०६ गते बसेको ३११औं बैठकको निर्णय अनुसार कम्पनीको १८औं वार्षिक साधारण सभा निम्न विषयहरू उपर छलफल गर्न देहाय बमोजिमको मिति, समय र स्थानमा हुने हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थिति तथा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थानः**

मिति : **२०७२ साल आषाढ ३१ गते, विहीबार (तदनुसार जुलाई १६, २०१५)**

समय : **दिउसो ३:०० बजे ।**

स्थान : **कुमारी पार्टी प्यालेस, गाबहाल, ललितपुर ।** (सनराईज बैंकको माथि)

**छलफलका विषयहरूः**

**(क) सामान्य प्रस्तावहरूः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७१आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७०/०७१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७१/०७२ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारीश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (हालका लेखापरीक्षक श्री टि.पी. अधिकारी एण्ड एशोशियट्सको तिन वर्षे कार्यकाल सकिएकोले आ.व. २०७१/०७२ को लागि निजले लेखापरीक्षण गर्न कानुनत नमिल्ने व्यहोरा अनुरोध छ ।

४. संस्थापक समुह "क" तर्फका ३ (तीन) जना संचालकहरूको निर्वाचन गर्ने ।

५. विविध ।

**(ख) विशेष प्रस्तावहरूः**

१. अध्यक्ष, संचालक तथा कार्यकारी प्रमुखको नियुक्ती तथा कार्यकाल सम्बन्धमा नियमावली संशोधन गर्ने ।

२. प्रबन्धपत्र तथा नियमावलीको संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरूप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

३. यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने, "बैंक तथा वित्तीय संस्था प्राप्ति (**Acquisition**) सम्बन्धी विनियमावली, २०७०" बमोजिम एक्विजिसन गर्ने गराउने, सो सम्बन्धमा वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (**Due Diligence Audit**) गर्ने, मान्यता प्राप्त परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरू नियुक्त गर्ने, निजहरूको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र (**Memorandum of Understanding**) तर्जुमा गर्ने र अन्य प्रक्रिया समेत पूरा गरी सोमा हस्ताक्षर गर्ने लगायत गाभ्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने । (विगत साधारण सभाको निरन्तरताका लागि) ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## हकप्रद शेयर प्रयोजनार्थ संस्थापक शेयर हक मनोनयन (हक हस्तान्तरण) सम्बन्धी सूचना

यस वित्तीय संस्थाका केहि संस्थापक शेयरधनीहरूले आफ्नो नाममा रहेको संस्थापक शेयर मध्यबाट यस संस्थाले जारी गर्न लागेको ४:३ हकप्रद शेयर वापतको शेयर अन्य व्यक्तिलाई हक मनोनयन (हक हस्तान्तरण) गर्ने सहमतिका लागि संचालक समिति समक्ष निवेदन गरेकाले उक्त संस्थापक शेयर हक मनोनयन गर्न अग्राधिकार यस संस्थामा कायम रहेका शेयर धनीले पाउने हुँदा यो सूचना प्रकाशित भएको ३५ दिन भित्र शेयर हक मनोनयन गर्न इच्छुक शेयर धनी महानुभावहरूले संचालक समिति समक्ष आवेदन गर्न हुन अनुरोध छ । ३५ दिन भित्र शेयर खरिद/हक मनोनयन सम्बन्धी कुनै आवेदन नपरेमा हाल निवेदन दिई हक मनोनयन प्राप्त गरेका संस्थापक शेयरधनी भन्दा बाहेकका व्यक्तिहरू वा कम्पनीहरूकै नाम कायम हुने गरी नेपाल राष्ट्र बैंकको जारी निर्देशन तथा मापदण्ड बमोजिम हक मनोनयन भएको शेयर निजहरूकै नाममा कायम भई जाने व्यहोरा अनुरोध छ ।

साथै साविकका आधारभूत शेयरधनीहरूको हकमा आधारभूत शेयरधनीहरूलाई हकप्रद शेयर खरिद गर्ने प्रयोजनको लागि रकम जम्मा गर्ने गरी पत्राचार गरिसकिएकोमा पुनः आफ्नो हक प्रयोग गर्ने वा साविकका शेयरधनीहरूले हक मनोनयन लिन/दिन चाहेमा २०७२/०३/२५ गते भित्र आवश्यक प्रक्रिया पुरा गरी रकम जम्मा गर्न अनुरोध छ ।

Progressive
Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

Pako Newroad, GPO Box No., 10390. Kathmandu
Tel : 4246402, 4241244, 4254929
Fax : 977-1-4246403
Email: info@pfltd.com.np